नेपाल सरकार

लुम्बिनी प्रदेश

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा तालिम केन्द्र

नेपालगन्ज, बाँके

## व्यवसायिक कुखुरापालन व्यवहारिक तालिममा सहभागिताको लागि आवेदन आव्हान सम्बन्धी सूचना

प्रकाशित मिति : २०७७/१०/१९ गते

यस पशु सेवा तालिम केन्द्रको वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषकस्तर पशुपन्छी पालन आधारभूत व्यवहारिक आवासीय तालिम संचालन गर्नुपर्ने भएकोले तालिम लिन ईच्छुक लुम्बिनी प्रदेश अन्तर्गतका जिल्लाहरुबाट १८ देखि ५० वर्ष उमेर भित्रका कृषकहरु मध्ये यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फार्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि तथा जनजाति/दलितको हकमा आधिकारिक निकायबाट प्रमाणित प्रमाणपत्र वा सिफारिस पत्र र वैदेशिक रोजगारीबाट फर्केको भए प्रमाणको प्रतिलिपि संलग्न राखी कार्यालय समयभित्र रु.१० को टिकट टाँस गरी रितपूर्वक यस तालिम केन्द्रमा आवेदन दिन यो सूचना प्रकाशन गरिएको छ। म्याद भित्र रितपूर्वक दर्ता भएका निवेदनहरु मात्र कार्यविधिमा उल्लेखित आधारहरुमा मूल्याङ्कन गरी उपयुक्त ठहरिएका आवेदकहरुलाई मात्र तालिममा सहभागिताको लागि आवश्यक संख्यामा छनोट गरी १५ दिने व्यवहारिक तालिम प्रदान गरिनेछ।

**पुनश्च** : थप जानकारीको लागि पशु सेवा तालिम केन्द्र, नेपालगन्ज, (फोन नं. ०८१-५२०३०४) वा सम्बन्धित भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा सम्पर्क राख्नुहुन अनुरोध छ।

Scanned with CamScanner